
## सञ्चार अनुगमन प्रतिवेदन

# सञ्चारको मूल प्रवाहमा महिला राजनीतिकर्मी



टेवा Tewa

Media Advocacy Group MAG 2064 Nepal

सञ्चार अनुगमन प्रतिवेदन

# सञ्चारको मूल प्रवाहमा महिला राजनीतिकर्मी

टेवा Tewa

Media Advocacy Group MAG 2064 Nepal

सञ्चार अनुगमन प्रतिवेदन

# सञ्चारको मूल प्रवाहमा महिला राजनीतिकर्मी

(जुलाई २०२१ देखि डिसेम्बर २०२१ सम्म)


**लेखक**

बबिता बस्नेत

**अनुगमनकर्ता**

निशुरत्न बस्ताकोटी

प्रिन्सेस केसी



**प्रकाशक**

मिडिया एड्भोकेसी ग्रुप (म्याग)

**सहयोग**

टेवा



**सर्वाधिकार**

मिडिया एड्भोकेसी ग्रुप (म्याग)

# प्राक्कथन



नेपालको राजनीतिमा महिलाको ३३ प्रतिशत सहभागितालाई विश्वमै उदाहरणीय मानिएको छ । संसद् र राजनीतिक दलमा महिला मात्र नभएर महिलाभित्रका विविधतालाई पनि समेटिएकाले यसको थप महत्व छ । विभिन्न राजनीतिक दलका केन्द्रीय समिति तथा साधारण सदस्यमा महिलाको सहभागिता बढ्दो छ । सङ्घीय संसद्, राष्ट्रिय सभा र सातवटै प्रदेश सभामा ३३ प्रतिशत महिलाको सहभागिता रहेको छ । स्थानीय तहमा ४१ प्रतिशत महिला सहभागिता छ ।

राजनीतिमा भएका महिलाको सामाजिक तथा नीतिगत तहमा हैसियत वृद्धि गर्न मिडियामा उपयुक्त स्थान प्राप्त गर्नु आवश्यक छ । नेपाली राजनीतिमा भएका महिलाको सामाजिक, आर्थिक, सांस्कृतिक र शैक्षिक अवस्था फरक-फरक छ । तर, ती सबै फरक पृष्ठभूमिबाट राजनीतिमा आएका महिलालाई मिडियाले हेर्ने दृष्टिकोण र दिने स्थानचाहिँ उस्तै छ । नीतिमा समावेशी अवधारणा उल्लेख भए पनि हाम्रा व्यावहारिक परिवेशमा भने समावेशिता लागू भइरहेको छैन ।

राजनीति र सञ्चारमाध्यम एक-अर्काका पूरक हुन । प्रजातन्त्रमा स्वतन्त्र मिडियाको आवश्यकता र भूमिका महत्वपूर्ण हुन्छ । ०४६ सालको प्रजातन्त्रपछि नेपालमा मिडियाले पनि स्वतन्त्रता प्राप्त गरेको हो । त्यसअघि मिसन पत्रकारिताको रूपमा रहेको मिडियाले व्यावसायिक रूप लिइरहेको छ । पछिल्लो समय छापा, विद्युतीय र नयाँ मिडियाको सङ्ख्या बढ्दो छ ।

यसै सन्दर्भमा राजनीतिमा महिलाको सहभागिता र भूमिकाको विषयलाई लिएर हामीले ६ महिनाको मिडिया अनुगमन गरेका छौँ । सञ्चारको मूल प्रवाहमा महिला राजनीतिकर्मीको अवस्थालाई लिएर गरिएको यो मिडिया अध्ययनको प्रमुख उद्देश्य राजनीतिलाई लिएर छापामाध्यममा प्रकाशित सामग्रीलाई लैङ्गिक दृष्टिकोणबाट विश्लेषण गर्नु हो ।

कुनै पनि विषयमा जनचेतना जगाउन र स्थानीय तहदेखि प्रदेश हुँदै केन्द्रसम्म नीति निर्माण तह र सर्वसाधारणबीच पुलको काम गर्नमा मिडियाको महत्वपूर्ण भूमिका हुन्छ । नेपालमा लैङ्गिक मुद्दालाई अन्तर्राष्ट्रिय तहसम्म पुऱ्याउन मिडियाको ठूलो भूमिका छ । नेपालको राजनीतिमा ३३ प्रतिशत महिला सहभागिताको मुद्दामा मिडियाको सकारात्मक भूमिका रहेको थियो । यद्यपि, कभरेजमा भने नेपाली मिडियामा महिलाको सहभागिता अत्यन्त न्यून रहेको छ । यो अध्ययनले नेपालको मिडियामा महिला राजनीतिकर्मीले प्राप्त गर्ने गरेको स्थानबारे जानकारी दिनुका साथै मिडियालाई सम्बन्धित विषयमा सचेतता अपनाउन मद्दत पुग्ने ठानिएको छ । यो अध्ययनका लागि सहयोग गर्ने संस्था टेवा, टेवाका संस्थापक रिता थापा र टेवा टिमप्रति हार्दिक आभार व्यक्त गर्दछु । मिडिया अनुगमनमा संलग्न निशुरत्न बस्ताकोटी र प्रिन्सेस केसीलाई धन्यवाद दिन चाहन्छु ।

**बबिता बस्नेत**
निर्देशक
मिडिया एड्भोकेसी ग्रुप (म्याग)

# विषय सूची


पृष्ठभूमि ........ १

नालापानीमा सहभागिता ........ १

राजनीतिमा महिला सहभागिता ........ २

पञ्चायतकालीन राजनीतिमा महिला ........ ३

महिलाको दृष्टिकोणबाट सन् १९९० को प्रजातन्त्र ........ ३

माओवादी आन्दोलनमा महिला सहभागिता ........ ४

राजनीतिमा महिलाको ३३ प्रतिशत सहभागिता ........ ५

प्रतिनिधिसभाको घोषणा ........ ५

नेपालमा मिडिया ........ ६

राजनीतिमा महिला र मिडिया कभरेजको इतिहास ........ ६

राजनीतिमा महिला र मिडिया : वर्तमान अवस्था ........ ७

उद्देश्य ........ ८

अनुगमन गरिएका दैनिक पत्रिका ........ ८

पत्रपत्रिकामा अनुगमन गरिएका सामग्री ........ ८

अनुगमनको सीमा ........ ८

प्रक्रिया ........ ९

आमप्रवृत्ति र स्थान ........ ९

सन् २०२१ को जुलाईदेखि डिसेम्बरसम्म (६ महिनामा) दैनिक पत्रिकामा प्राप्त राजनीतिक कभरेज ........ १०

महिला राजनीतिकर्मीले प्राप्त गरेको कभरेज ........ १०

पेजका आधारमा जम्मा ६,३८२ सामग्रीले प्राप्त स्थान ........ ११

पेजका आधारमा महिला राजनीतिकर्मीसम्बन्धी जम्मा ३७३ सामग्रीले प्राप्त स्थान ........ १२

६ महिनाको तथ्याङ्कलाई विश्लेषण गर्दा... ........ १३


फोटो तथा कार्टुन ........ १४

सन्दर्भ-सामग्री ........ १४

# पृष्ठभूमि

## नालापानीमा सहभागिता

राजनीतिको अर्थ राज्यको शासन व्यवस्थासम्बन्धी नीति भन्ने हुन्छ । राज्य सञ्चालन प्रणाली अर्थात् राजनीति राष्ट्र र जनताका लागि हुन्छ । राष्ट्रका लागि महिलाको प्रत्यक्ष सहभागिताको कुरा गर्दा नालापानी युद्धमा महिलाको सहभागिता रहेको थियो भन्ने विभिन्न दस्तावेजहरूमा उल्लेख छ । तर, ती महिला को थिए भनेर नामचाहिँ उल्लेख गरेको पाइएको छैन । सार्वभौमिकता, अखण्डता र मुलुकको राष्ट्रिय सुरक्षासँग जोडिएको नालापानी युद्ध नेपालले ब्रिटिससँग लडेको पहिलो ऐतिहासिक युद्ध थियो । अमरसिंह थापाको पाला (२२ अक्टुबर १८१४)मा भएको यो



नालापानी युद्ध श्रोत: इन्टरनेट

युद्धमा बलभद्रसिंह कुँवर कमान्डर थिए । अङ्ग्रेजले त्यतिबेला शत्रुलाई पनि 'वीर' भनेर सम्बोधन गरिएको युद्धका रूपमा पनि नालापानीलाई लिइन्छ । अङ्ग्रेजले 'हाम्रा वीर शत्रु बलभद्र कुँवर' भनी लेखेको दस्तावेज अहिले पनि भारतीय पुस्तकालयहरूमा छन् भनिन्छ । आफ्ना कमान्डरलाई 'वीर' बनाउन यो देशमा धेरै महिलाले युद्ध लडे । कहिले घर-परिवारसँग, कहिले समाजसँग, कहिले राज्यसँग त कहिले आफैँसँग । नालापानीदेखि माओवादी आन्दोलनसम्मको इतिहास हेर्दा यस्तै देखिन्छ । पुरुषहरूले वीर बन्दै इतिहास रचे । महिलाको योगदानलाई छायामा पार्ने गरिएको छ । नेपालको राजनीतिक इतिहासमा महिलाको योगदान हिजो छायामा थियो, आज पनि करिब-करिब छायामै छ, जति मूल्याङ्कन हुनुपर्ने हो त्यति हुने गरेको छैन ।

## राजनीतिमा महिला सहभागिता

सन् १९४७ मा स्थापित नेपाली काङ्ग्रेस र सन् १९४९ मा स्थापना भएको नेपाल कम्युनिस्ट पार्टी नै नेपालको प्रजातान्त्रिक राजनीतिमा अहिलेसम्म प्रभाव पारिरहने राजनीतिक दल हुन् । सन् १९३७ मा स्थापना भएको प्रजापरिषद् प्रजातन्त्र प्राप्तिका लागि लड्न भनी गठन भएको पहिलो राजनीतिक दल हो । सन् १८४६ देखि सन् १९५१ सम्म एक सय चार वर्ष चलेको राणाशासनविरूद्ध आवाज उठाई मुलुकमा प्रजातन्त्र ल्याउन स्थापना भएका यी दलमा सुरुदेखि




मंगलादेबी सिंह श्रोतः नेपाल पिक्चर लाइब्रेरी

नै महिलाको सहभागिता थियो । सन् १९४७ जनवरीमा कलकत्तामा सम्पन्न नेपाली काङ्ग्रेसको भेलामा कुमारी लक्ष्मीको सहभागिता थियो भनी बिन्दा पाण्डेले आफ्नो पुस्तक 'विमेन इन पोलिटिक्स' मा उल्लेख गर्नुभएको छ । सन् १९५१ मा विराटनगरमा राणाशासनविरूद्ध प्रदर्शन गरेबापत दिव्या कोइराला, नलिनी उपाध्याय, नोना कोइराला र इन्दिरा आचार्य धनकुटाको जेलमा दुई साता बसेको पनि पुस्तकमा उल्लेख छ । मोतीदेवी शर्मा पुष्पलालको नेतृत्वमा गठन भएको नेकपाको संस्थापक सदस्य हुनुहुन्थ्यो । नेपाली काङ्ग्रेस र नेकपा दुवै दलले आफ्नो विधानमा महिला सहभागिताको कुरा उल्लेख गरेका थिए ।

नेपाली काङ्ग्रेसको स्थापनासँगै सोही वर्ष सन् १९४७ (वि.सं.२००४ साल)मा मंगलादेवी सिंहको नेतृत्वमा नेपाल महिला सङ्घको स्थापना भएको हो । यसैगरी, सन् १९४९ (वि. सं. २००६) मा अखिल नेपाल महिला सङ्घको स्थापना भएको हो । यसअघि सन् १९४६ (वि. सं. २००३) मा रेवन्तकुमारी आचार्यको नेतृत्वमा आदर्श महिला समाज गठन भएको थियो भनी विभिन्न दस्तावेजहरूमा उल्लेख छ । रेवन्त प्रजापरिषद् अध्यक्ष टंकप्रसाद आचार्यकी श्रीमती हुनुहुन्थ्यो । सन् १९५५ मा काठमाडौं नगर प्रतिनिधिको रूपमा साधना प्रधानको नाम अङ्कित छ । यसैगरी, सन् १९५८ (वि. सं. २०१५) मा बिपी कोइरालाको मन्त्रिमण्डलमा मन्त्री हुनुभएकी द्वारिकादेवी ठकुरानी नै नेपालको इतिहासमा पहिलो महिला मन्त्री हुनुहुन्थ्यो ।



साहना प्रधान (श्रोतः महिला दबाब समूह) शैलजा आचार्य (इन्सेटमा) (श्रोतः इन्टरनेट)

## पञ्चायतकालीन राजनीतिमा महिला

सन् १९६० देखि १९९० सम्म ३० वर्षे शासनकालमा पञ्चायतले महिलाको सवालमा केही सुधारात्मक व्यवस्था ल्यायो । पञ्चायतकालीन राजनीतिमा पनि महिलाको सक्रियता देखिन्छ । महिलालाई राजनीतिमा सङ्गठित गर्न महिला सङ्गठन थियो । ०३२ सालमा अन्तर्राष्ट्रिय नारी दिवस भव्यताका साथ मनाएपछि सोही वर्ष स्थानीय निकायमा चार हजार महिलालाई सामेल गरिएको थियो भनी ०४३ सालमा प्रकाशित 'पञ्चायत' स्मारिकामा प्रकाशित छ ।

पञ्चायतकालमा भद्रा घले, सुशीला थापा, शारदा मल्ललगायतका महिला मन्त्री बनेका थिए भने सरस्वती राई, नानीमैया दाहाललगायतका महिला राष्ट्रिय पञ्चायतमा सदस्य थिए । यता प्रजातन्त्रको माग गर्दै पञ्चायतविरुद्ध लडेर विद्रोही महिलाको रूपमा शैलजा आचार्य, मंगलादेवी सिंह, सहाना प्रधान, साधना प्रधान, लीला कोइराला, लक्ष्मी कार्की, सुशीला श्रेष्ठ, सीता खड्काहरू आफ्नै नाम पहिचान बनाइरहेका थिए ।

## महिलाको दृष्टिकोणबाट सन् १९९० को प्रजातन्त्र

सन् १९९० अर्थात् ०४६ सालको प्रजातन्त्र नेपाली महिलाको आफ्नै हैसियत निर्माण गर्न महत्वपूर्ण मानिन्छ । राजनीतिक रूपमा शैलजा आचार्य, साहना प्रधान, लीला कोइरालालगायतका महिला पदीय दायित्वमा आए । मंगलादेवी सिंहले कुनै पदीय दायित्व लिन पाउनुभएन, तर नेपाल महिला सङ्घलाई सशक्त रूपमा अघि बढाउनुभयो । सन् १९९० को संविधानमा महिलाका लागि पाँच प्रतिशत आरक्षणको व्यवस्था गरियो । नेपालमा राजनीतिमा महिलाको सहभागिता बढाउन पहिलो संवैधानिक व्यवस्था थियो त्यो । यद्यपि, साहना प्रधान, शैलजा आचार्यजस्ता सशक्त नेतृहरूलाई पनि राजनीतिक दलहरूले यही पाच प्रतिशत कोटाभित्र राखेर टिकट दिए । जुन राजनीतिक दलहरूले गरेको ठूलो गल्ती थियो । कोटाको व्यवस्था राजनीतिमा पुरुषसँगै एउटै



२०४६ सालको प्रजातन्त्र प्राप्तिको दिन श्रोतः मिन बज्राचार्य

थलोमा लड्न-भिड्न नसक्ने महिलाका लागि थियो । तर, यसलाई सबै महिलाका लागि झैँ गरी प्रयोग गरियो । त्यसबेलादेखिको यो रोग नेपालको राजनीतिमा अहिलेसम्म कायम छ ।

## माओवादी आन्दोलनमा महिला सहभागिता

सन् १९९६ देखि सन् २००६ सम्म भएको दशवर्षे माओवादी आन्दोलनले मुलुकलाई निकै पछाडि धकेल्यो । विकास बजेट सुरक्षामा खर्च भयो । लामो समय (२० वर्ष)सम्म स्थानीय निर्वाचन हुन सकेन । नेतृत्वमा एउटा ठूलो खाडलको सिर्जना भयो, तर महिला सशक्तीकरणको दृष्टिकोणले यो कालखण्ड निकै महत्वपूर्ण रह्यो । माओवादीभित्र लडाकुको रूपमा महिलाको सहभागिताले महिलाले पनि हतियार बोक्न सक्छन् भन्ने मान्यता स्थापित गरिदियो । त्यतिबेला युद्धरत माओवादीले आफूसँग ४० प्रतिशत महिला लडाकु रहेको बताउने गरेको थियो । यद्यपि, पछि सेना समायोजनका बेला ४० प्रतिशत महिला लडाकु थिएनन् । तापनि नेपालको इतिहासमा महिला लडाकुसहितको युद्ध थियो माओवादी युद्ध । सेना समायोजन गर्ने क्रममा माओवादी शिविरमा रहेका १९ हजार ६ सय दुई लडाकुमध्ये तीन हजार नौ सय २० जना महिला थिए । १९ हजार ६ सय दुईमध्ये १५ हजार ६ सय ३० जना केही रकम लिएर स्वेच्छिक रूपमा घर फर्किए



श्रोतः इन्टरनेट

भने एक हजार चार सय दुईजना नेपाली सेनामा समायोजनमा परे । माओवादी आन्दोलनले राजनीतिक रूपमा पनि महिलाको दर्बिलो उपस्थितिलाई प्रमाणित गऱ्यो ।

## राजनीतिमा महिलाको ३३ प्रतिशत सहभागिता

सन् २००६ (वि.सं. २०६३) को राजनीतिक आन्दोलनपछि मुलुक अर्कै चरणमा प्रवेश गऱ्यो । भूमिगत युद्धमा रहेका माओवादी मूलधारमा आए । वि.सं. ०६३ सालको अन्तरिम संविधानमा राज्य संरचनाका सबै तहमा महिला सहभागिताको कुरा उल्लेख गरियो । जसअन्तर्गत बनेको संविधानसभा निर्वाचन ऐन, २०६३ ले संविधानसभामा महिला सहभागिता ३३ प्रतिशत सुनिश्चित गऱ्यो ।

## प्रतिनिधिसभाको घोषणा

जनआन्दोलन ०६२/६३ पछि पुनर्स्थापित प्रतिनिधिसभाले राज्यका हरेक निकायमा महिलाको ३३ प्रतिशत सहभागिता सुनिश्चित गरिने घोषणा गऱ्यो । सन् २००६ को मे ३० (वि.सं. ०६३ साल जेठ १६ गते)मा गरिएको महिलासम्बन्धी महत्वपूर्ण घोषणा तत्कालीन सांसद विद्यादेवी भण्डारी प्रस्तावक र सांसदहरू कमलादेवी पन्त तथा नारायणप्रकाश साउद (एनपी साउद) समर्थक रहेको जरूरी सार्वजनिक महत्वको प्रस्तावमा आधारित थियो । विद्या भण्डारी नेकपा एमालेकी सांसद हुनुहुन्थ्यो भने कमला पन्त र नारायणप्रकाश साउद नेपाली काङ्ग्रेसका सांसद हुनुहुन्थ्यो । संसद् सचिवालयमा दर्ता गरिएको उक्त जरूरी सार्वजनिक महत्वको प्रस्तावमा लेखिएको थियो, 'आमा वा बाबुमध्ये कसैको नामबाट पनि सन्तानले नागरिकता पाउन सक्ने कुराको ग्यारेन्टी गर्न, समानुपातिक सहभागिताको लक्ष्यमा पुग्ने कुरालाई ध्यानमा राखी हाललाई कम्तीमा एकतिहाइ महिलालाई राज्यका सबै संरचनामा सहभागिताको ग्यारेन्टी गर्ने, त्यस्तै विभेदकारी कानुनको खारेजी गर्न र महिलाप्रति हुने गरेका हिंसाको अन्त्य गर्न जरूरी भएकाले यो जरूरी सार्वजनिक महत्वको प्रस्ताव पेस गरेको छु ।' साथै छलफल गर्नु पर्नाको कारण भनी 'समान नागरिकको हैसियतले महिलाको समान स्थान हासिल गर्न आवश्यक भएकोले' उल्लेख गरिएको थियो ।



प्रतिनिधिसभा श्रोतः इन्टरनेट

संसद्को उक्त घोषणाका आधारमा कतिपय कानुन बनेर लागू भइसकेको अवस्था छ भने उक्त घोषणाको भावना नेपालको संविधान, २०७२ मा समेत 'रिफ्लेक्ट' भएकाले सम्बन्धित कानुन बनेका या बन्ने क्रममा छन् । त्यसैले वि.सं. २०६३ साल जेठ १६ गते संसद्को उक्त घोषणा नेपालको राजनीतिमा महिलाको ३३ प्रतिशत सहभागिताका निम्ति निकै महत्वपूर्ण रहेको छ ।

## नेपालमा मिडिया


मिडियाको सन्दर्भमा वि. सं. १९५५ मा प्रकाशित सुधासागर नेपालबाट प्रकाशित पहिलो पत्रिका हो । वि. सं. १९५८ वैशाख २४ गतेदेखि प्रकाशित गोरखापत्र नेपालमा नियमित प्रकाशित पत्रिका हो जसले अर्धसाप्ताहिक हुँदै दैनिक पत्रिकाको रुपमा अहिलेसम्म निरन्तरता पाइरहेको छ । सूचना तथा प्रविधि विभागका अनुसार अहिले नेपालमा नियमित प्रकाशित पत्रपत्रिकाको सङ्ख्या ७,८७५ छ । इजाजत प्राप्त एफएमहरू ११३०, इजाजत प्राप्त टेलिभिजन २१०, समाचार अनलाइन ३२६६, सरकारी मिडिया ४ र उत्पादन गृह दर्जनौँ रहेका छन् । नेपाल पत्रकार महासङ्घको तथ्याङ्कअनुसार पत्रकारको सङ्ख्या १३,०७७ रहेको छ जसमा २४०८ महिला पत्रकार रहेका छन् ।

## राजनीतिमा महिला र मिडिया कभरेजको इतिहास



पूर्व प्रधानमन्त्री बीपी कोइराला र उपमन्त्री द्वारिकादेवी ठकुरानी श्रोत: अन्वेषणडटकम

नेपालको पहिलो महिला मन्त्री द्वारिकादेवी ठकुरानीबारे वि. सं. २०१६ साल जेठ १३ गते बुधबार गोरखापत्रमा समाचार प्रकाशित भएको थियो । 'नेपालको पहिलो निर्वाचित मन्त्रिमण्डल सङ्गठित, प्रधानमन्त्री विश्वेश्वरप्रसाद कोइराला, उपप्रधानमन्त्री श्री सुवर्णशमशेर, उपमन्त्री पदमा महिला पनि' शीर्षकमा प्रकाशित उक्त समाचारमा 'उपमन्त्री पदमा महिला पनि' उपशीर्षक दिएर महिला पनि..भनी अचम्मभाव प्रकट गरिएझैँ गरिए पनि उनको राजनीतिक परिचय स्पष्ट रूपमा दिइएको थियो । उनी स्वास्थ्य र स्वायत्त शासन उपमन्त्री बनेकी थिइन् । वि. सं. १९७१ मा सुदूरपश्चिमको डोटीमा जन्मिएकी द्वारिकादेवी ठकुरानी २००७ सालको सशस्त्र क्रान्तिमा सहभागी भएर ३२ दिन जेल परेकी साहसी महिला हुन् । वि. सं. २०१५ को आमनिर्वाचनमा डडेल्धुरा जिल्लाबाट नेपाली काङ्ग्रेसको उम्मेदवार बनेकी उनले तीन हजार नौ सय तीन भोट ल्याएर लक्ष्मीदत्त भट्टलाई पराजित गरी सांसद बनेकी थिइन् । उनका प्रतिस्पर्धी भट्टले एक हजार आठ सय ३१ मत प्राप्त गरेका थिए । त्यतिबेलाको जमानामा प्रतिस्पर्धाको माध्यमबाट भारी मत ल्याई विजयी भएकी द्वारिकादेवी ठकुरानीबारे गोरखापत्रले पटक-पटक समाचार प्रकाशित गरेको पाइन्छ । ०१५ साल फागुन ७ गतेदेखि चैत २१ गतेसम्म मुलुकमा पहिलो आमनिर्वाचन सम्पन्न भएको थियो । प्रतिनिधिसभाको एक सय नौ सिटका



प्रधानमन्त्री, उपप्रधानमन्त्री, मन्त्री तथा उपमन्त्रीहरूको कार्य विभाजन र बहाली

काठमाडौं, ज्येष्ठ १४ गते । आज दिउसो सिंहदरबार सचिवालयमा बसेको मन्त्रिमण्डलमा मन्त्रीहरूको कार्य विभाजन भयो । त्यसपछि मन्त्री तथा उप-मन्त्रीज्यूहरूले आफनो आफनो मन्त्रालयमा बहाली गर्नु भयो ।

प्रधानमन्त्री, उप-प्रधानमन्त्री, मन्त्री तथा उप-मन्त्रीहरूको कार्य विभाजन यसप्रकार छ ।

| | |
|---|---|
| १. प्रधानमन्त्री श्रीविश्वेश्वरप्रसाद कोइराला | रक्षा तथा परराष्ट्र । |
| २. उप-प्रधानमन्त्री श्रीसुवर्णशमशेर | अर्थ, आयकर र योजना विकास । |
| ३. श्रीगणेशमान सिंह | निर्माण, संचार तथा नहर, मालपोत [भूमिसुधार] |
| ४. श्रीसूर्यप्रसाद उपाध्याय | गृह तथा कानून एवं संसदीय प्रबन्ध । |
| ५. श्रीरामनारायण मिश्र | उद्योग, वाणिज्य । |
| ६. श्रीकाशीनाथ गौतम | स्वास्थ्य तथा स्थानीय स्वायत्त शासन । |
| ७. श्रीपरशुनारायण चौधरी | शिक्षा । |
| ८. श्रीशिवराज पन्त | खाद्य, कृषि तथा वन । |

उप-मन्त्रीहरूको विभाग

| | |
|---|---|
| १. श्रीतुलसी गिरी | परराष्ट्र । |
| २. श्रीमीनबहादुर गुरुङ | रक्षा । |
| ३. श्रीशिवप्रताप शाह | अर्थ । |
| ४. श्रीयोगेन्द्रमान शेरचन्द | संचार । |
| ५. श्रीललितचन्द | निर्माण तथा नहर |
| ६. श्रीजमान सिंह गुरुङ | मालपोत [भूमिसुधार] |
| ७. श्रीप्रेमराज आङदेम्बे | गृह |
| ८. श्रीसूर्यनाथदास यादव | कानून तथा संसदीय प्रबन्ध |
| ९. श्रीनेव बहादुर मल्ल | शिक्षा । |
| १०. श्रीमतीद्वारिकादेवी ठकुरानी | स्वास्थ्य र स्वायत्त शासन । |
| ११. श्रीदेवान सिंह राई | खाद्य, कृषि, वन । |

सम्बन्धित मन्त्रालयहरूमा बहाली सकिने बित्तिकै सचिवालयमा बिदा दिइयो ।



चारदिने बैठक समाप्त

सैगान, ज्येष्ठ १२ गते । लाओस र दक्षिणी भियतनामका विदेशमन्त्रीहरूको ४ दिने बैठक हिजो यहाँ समाप्त भएको छ ।

दुबै राष्ट्रले आर्थिक, व्यापार र अन्य क्षेत्रहरूमा आपसी सहयोग बढाउन स्वीकार गरेका छन् । सम्झौतामा औपचारिक हस्ताक्षर पछि भियन्टीनमा हुने भएको छ । अ. छा.

गोरखापत्र

सर्वे भवन्तु सुखिनः सर्व सन्तु निरामयाः । सर्वे भद्राणि पश्यन्तु माकश्चिद्दुःख भागजन

समझौता अवधिमा वृद्धि

नयाँदिल्ली, ज्येष्ठ ११ गते । भारत चीनको व्यापार समझौताको अवधि यस सालको आखिरी सम्मको लागि बढाइएको छ । सम्बन्धित कागतहरू आज दुइदेशको बीच आदान प्रदान गरियो । प्रे. ट्र.

भाग ५६ ] काठमाडौं बुधवार ज्येष्ठ १३ गते सम्वत् २०१६ साल 1959 MAY 27 एक प्रतिको चारपैसा संख्या १७

नेपालको पहिलो निर्वाचित मन्त्रिमण्डल संगठित

प्रधानमन्त्री श्रीविश्वेश्वर प्रसाद कोइराला

उप–प्रधानमन्त्री श्रीसुवर्ण शमशेर

उप-मन्त्री पदमा महिला पनि

राजदरबारमा श्री ५ महाराजाधिराजबाट शाही घोषणाद्वारा पुरानो मन्त्रिपरिषद्को विघटन र नयाँ मन्त्रिमण्डलको संघठनः उप–प्रधानमन्त्रीको पदमा भूतपूर्व मन्त्रिपरिषद्का अध्यक्ष श्रीसुवर्ण शमशेर जङ्गबहादुर राणाःशपथ ग्रहण गराउने काम श्री ५ महाराजाधिराजबाट

काठमाडौं, ज्येष्ठ १३ गते । श्री ५ महाराजाधिराजबाट राजदरबारमा आयोजित एक विशेष समारोहमा प्रजाहरूका नाममा शाही घोषणा गरिबक्संदै हालै भएको निर्वाचनमा बहुमत प्राप्त राजनीतिकदल नेपाली कांग्रेसका नेता श्रीविश्वेश्वरप्रसाद कोइरालाको प्रधान मंत्रित्वमा आठ जना मंत्रीहरू तथा ११ जना उपमंत्रीहरू भएको नयाँ सरकार गठन गरिबक्सेको कुरा हुकुम भयो ।

मौसूफबाट सोही शाही घोषणाद्वारा सम्वत् २०१५ साल ज्येष्ठ २ गते नेपाली काँग्रेसका श्रीसुवर्णशमशेर जङ्गबहादुर राणाको अध्यक्षतामा गठन गरिएको मन्त्रिपरिषद्को राजीनामा स्वीकार गरिबक्सी आजदेखि विघटन गरिबक्सेको कुरा पनि हुकुम भयो ।

हाल गठित मन्त्रिमण्डलमा श्रीसुवर्णशमशेर उप-प्रधानमन्त्री हुनुहुन्छ र नेपालको इतिहासमा सर्वप्रथम एक महिला श्री

श्रीपशुपतिनाथले सबैलाई मुलुकको निर्माण र उत्थानको कामको निमित्त सुबुद्धि र बल प्रदान गरून् ।

जय नेपाल

शाही घोषणा पछि श्री ५ महाराजाधिराजबाट प्रधानमन्त्री तथा अन्य मन्त्रीहरूलाई शपथ ग्रहण गराइबक्सियो । मौसूफको हुकुम अनुसार प्रधानमन्त्री श्रीविश्वेश्वरप्रसाद कोइरालाले अन्य उपमन्त्रीहरूलाई शपथ ग्रहण गराउनु भयो ।

राजदरबारको विशाल बैठकमा भएको उक्त समारोहमा श्री ५ युवराजाधिराज, श्री ५ अधिराजकुमार हिमालय, श्री ५ अधिराजकुमार बसुन्धरा तथा प्रधानन्यायाधीश श्रीअनिरुद्रप्रसाद सिंहका अतिरिक्त विभिन्न राजनीतिक दलका नेताहरू, प्रतिनिधि

प्रधानमन्त्री श्रीविश्वेश्वरप्रसाद कोइरालाको जन्म सम्वत १९७२ मा भएको हो । श्रीकोइरालामा बाल्यकालदेखि नै प्रतिभाको झलक देखिन्थ्यो ।

उहाँले बनारस हिन्दू-विश्वविद्यालयबाट बी. ए. र कलकत्ता विश्वविद्यालयबाट एल.एल. बी. को डिग्री प्राप्त गर्नु भएको छ । अध्ययन समाप्त गरेपछि उहाँले केही दिन दार्जीलिङमा वकालत पनि गर्नु भएको थियो ।

श्रीकोइरालाको जीवन शुरूदेखि नै राजनीतिक वातावरणमा बितेको छ, उहाँको पिताजी पनि राजनीतिक विचारधाराको हुनुहुन्थ्यो, र उहाँको धेरै समय आफ्नो पिताजीको साथ विदेशमै बित्यो ।

नेपालमा जागृति ल्याउने तथा राणा

उप-प्रधानमन्त्री श्रीसुवर्ण शमशेर ज. ब. रा. को जन्म २४ मार्च १९१० मा काठमाडौंमा भएको हो ।

उहाँले सन् १९३३ मा कलकत्ता विश्वविद्यालयबाट अंग्रेजी साहित्यमा एम. ए. पास गर्नुभएको छ ।

श्री सुवर्ण सन् १९४८ मा स्थापित नेपाल प्रजातन्त्र काँग्रेस ( वर्तमान नेपाली काँग्रेस ) को संस्थापक तथा संचालक मध्ये एक प्रमुख हुनुहुन्छ । २००७ सालको राष्ट्रिय क्रान्तिमा उहाँ मुक्तिसेनाको प्रमुख सेनानी हुनुहुन्थ्यो ।

नेपालमा प्रजातान्त्रिक पद्धति कायम भएपछि २००७ सालको राणा काँग्रेस सम्मिलित मन्त्रिमण्डलमा उहाँ अर्थमन्त्री हुनुहुन्थ्यो ।

लागि सात सय ८६ जनाले उम्मेदवारी दिएकोमा सातजना महिला थिए । चुनावमा विजयी हुनेमा द्वारिकादेवी एक्ली महिला थिइन् । ०१६ साल जेठ १४ गतेको गोरखापत्रमा मन्त्रिपरिषद्को कार्यविभाजन प्रकाशित हुँदा उपमन्त्रीहरुको दशौँ नम्बरमा उनको नाम प्रकाशित भएको थियो । यसैगरी, ०१६ साल वैशाख २२ गतेको गोरखापत्रमा द्वारिकादेवी ठकुरानीको अध्यक्षतामा काङ्ग्रेस संसदीय दलको बैठक बसेको कुरा प्रकाशित भएको थियो । सुवर्णशमशेरको ललितानिवासमा उक्त बैठक बसेको उल्लेख गरिएको थियो । वि.सं.०५९ को मङ्सिर २४ गते ठकुरानीको निधन भएको थियो ।

## राजनीतिमा महिला र मिडिया : वर्तमान अवस्था

महिला र मिडियालाई जोडेर हेर्दा विश्वव्यापी रूपमै मिडियासँग महिलाको गुनासो रहेको पाइन्छ । विशेषगरी महिला अधिकारको क्षेत्रमा कार्यरत अधिकारकर्मी, राजनीतिक क्षेत्रमा संलग्न महिला, सार्वजनिक जीवन र महिला आन्दोलनसँग कुनै न कुनै रूपले सहभागी महिलाको भनाइ रहन्छ– मिडियाले महिलाको सकारात्मक छविभन्दा व्यङ्ग्यात्मक र नकारात्मक छविलाई प्रवर्द्धन गर्न खोज्छ, मिडिया महिलाका मुद्दामा 'बायस' छ ।

नेपालको सन्दर्भमा पनि मिडियाको व्यवहार र भूमिकालाई लिएर मिडियाले महिलाका मुद्दालाई महत्व दिँदैन, राजनीति गर्ने पुरुषका प्रतिक्रिया लिइन्छ, महिलाको लिइँदैन भनी टिप्पणी हुने गर्छन् । राजनीतिमा महिला पछि पर्नुको कारणमध्ये एक मिडिया हो भन्नेहरु पनि छन् । मिडियाले रातारात मानिसलाई कहाँबाट कहाँ पुऱ्याइदिन्छ यदि त्यो सकारात्मक भए, त्यसमा महिला पर्दैनन् भन्ने टिप्पणी पनि त्यत्तिकै सुनिन्छ । विशेषगरी महिला राजनीतिकर्मीको मिडियासँग प्रसस्तै गुनासा र असन्तुष्टिहरु देखिन्छन्, जुन विभिन्न सभा, समारोह र कार्यक्रममा प्रकट भइरहेका हुन्छन् ।

यसै सन्दर्भमा महिला र राजनीतिलाई लिएर सञ्चारमाध्यममा के-कस्ता सामग्री प्रकाशित भइरहेका छन् भनेर मिडिया एड्भोकेसी ग्रुप (म्याग) र टेवाले सन् २०२१ को जुलाईदेखि डिसेम्बरसम्म ६ महिना नेपाली छापामाध्यमको अनुगमन गरेको छ ।

## उद्देश्य

सञ्चारको मूल प्रवाहमा महिला राजनीतिकर्मीको अवस्थालाई लिएर गरिएको यो मिडिया अध्ययनको प्रमुख उद्देश्य राजनीतिलाई लिएर छापामाध्यममा प्रकाशित सामग्रीलाई लैङ्गिक दृष्टिकोणबाट विश्लेषण गर्नु हो । साथै राजनीतिकर्मीका मुद्दा र आवाजलाई मिडियाले दिएको स्थान र महत्वबारे तथ्यगत अवलोकन गर्नु हो । साथै, मिडियामा महिला राजनीतिकर्मीको कभरेज अत्यन्त कम आइरहेको सन्दर्भमा सप्रमाण वकालत गर्न दस्तावेज तयार गर्नु पनि यो अनुगमनको उद्देश्य रहेको छ ।

## अनुगमन गरिएका दैनिक पत्रिका

गोरखापत्र, The Rising Nepal, कान्तिपुर, The Kathmandu Post, नागरिक, अन्नपूर्ण पोस्ट, नयाँ पत्रिका

## पत्रपत्रिकामा अनुगमन गरिएका सामग्री

» समाचार
» लेख/फिचर
» सम्पादकीय
» सम्पादकलाई चिठी
» फोटो
» कार्टुन

## अनुगमनको सीमा

नेपालमा पत्रपत्रिकाको सङ्ख्या ठूलो भए पनि यो अध्ययनमा सातवटा दैनिक पत्रिकालाई मात्र समावेश गरिएको छ । सुरुको तीन महिना तीनवटा अनलाइन (सेतोपाटी, माइरिपब्लिका र द हिमालयन टाइम्स) अनलाइनलाई समावेश गरिए पनि पछिल्लो तीन महिना दैनिक पत्रिकाको मात्रै अनुगमन गरिएको थियो ।

## प्रक्रिया

» ‘राजनीति र महिला’ मा आधारित सञ्चार अनुगमन गर्न ‘एक्सेल सिट’ बनाई तथ्याङ्क राखिएको थियो ।

» प्रत्येक दिन सातवटा दैनिक पत्रिका र तीनवटा अनलाइन (तीन महिनासम्म)को मोनिटरिङ गरी डाटा (तथ्याङ्क) अपडेट गरिएको थियो ।

» सम्बन्धित विषयमा आएका समाचार, फिचर, सम्पादकीय, लेख–रचना तथा फोटोहरूलाई कटिङ तथा प्रिन्ट गरी फाइलमा राखिएको थियो ।


» ती सामग्रीलाई लिएर तीन महिनामा महिला राजनीतिकर्मी तथा सम्पादकहरूबीच छलफल गरिएको थियो ।

» ६ महिनासम्म गरिएको सातवटा दैनिक पत्रिकाको तथ्याङ्कका आधारमा यो प्रतिवेदन तयार गरिएको छ ।

## आमप्रवृत्ति र स्थान

» यो ६ महिनामा सातवटा दैनिक पत्रिका र तीनवटा अनलाइनमा जम्मा ६३८२ वटा सामग्री प्रकाशित भएका थिए, जसमा ३७३ वटा सामग्री महिला राजनीतिकर्मीसँग सम्बन्धित थिए ।


» महिला राजनीतिकर्मीले नेपालको मिडियामा ५.८४ प्रतिशत स्थान प्राप्त गर्ने गरेका छन् ।



## सन् २०२१ को जुलाईदेखि डिसेम्बरसम्म (६ महिनामा) दैनिक पत्रिकामा प्राप्त राजनीतिक कभरेज

- सबैभन्दा बढी राजनीतिक कभरेज गोरखापत्रले दिने गरेको अध्ययनले देखाएको छ । गोरखापत्रमा राजनीतिक विषयले २३ प्रतिशत कभरेज प्राप्त गर्ने गरेको छ ।
- यसैगरी नागरिक दैनिकमा १८ प्रतिशत राजनीतिक विषय प्रकाशित हुने गरेका छन् भने द राइजिङ नेपाल र कान्तिपुरमा १६ प्रतिशत, नयाँ पत्रिकामा १२ प्रतिशत, अन्नपूर्ण पोस्टमा ९ प्रतिशत र काठमाडौं पोस्टमा ६ प्रतिशत कभरेज राजनीतिले प्राप्त गर्ने गरेको देखिएको छ ।


दैनिक पत्रिकामा राजनीतिक कभरेजको तथ्याङ्क यसप्रकार रहेको छ ।




## महिला राजनीतिकर्मीले प्राप्त गरेको कभरेज

- महिला राजनीतिकर्मीबारे सातवटा दैनिक पत्रिकामध्ये सबैभन्दा बढी कभरेज गोरखापत्र दैनिकले गरेको छ । जम्मा कभरेजको २९७ प्रतिशत कभरेज महिला राजनीतिकर्मीले प्राप्त गरेका छन् ।
- यसैगरी द राइजिङ नेपाल र कान्तिपुरमा १९६ प्रतिशत कभरेज महिला राजनीतिकर्मीको रहेको छ भने नागरिकमा ११ प्रतिशत, अन्नपूर्ण पोस्टमा ९४ प्रतिशत, नयाँ पत्रिकामा ६४ प्रतिशत र द काठमाडौं पोस्टमा ४ प्रतिशत कभरेज भएको छ ।

दैनिक पत्रिकामा महिला राजनीतिकर्मीले प्राप्त गरेको कभरेजको तथ्याङ्क यसप्रकार रहेको छ





## पेजका आधारमा जम्मा ६,३८२ सामग्रीले प्राप्त स्थान

» पेजका आधारमा राजनीतिसम्बन्धी सामग्रीले सबैभन्दा बढी कभरेज भित्री पेजमा प्राप्त गरेको छ । भित्री पेजमा ५२ प्रतिशत सामग्री प्रकाशित भएका छन् ।

» यसैगरी पहिलो पृष्ठमा ३६ प्रतिशत, विचार पेजमा १० प्रतिशत र सम्पादकीयमा २ प्रतिशत सामग्री प्रकाशित भएका छन् ।


पेजका आधारमा प्राप्त तथ्याङ्क यसप्रकार रहेको छः



## पेजका आधारमा महिला राजनीतिकर्मीसम्बन्धी जम्मा ३७३ सामग्रीले प्राप्त स्थान

- पेजका आधारमा महिला राजनीतिकर्मीले सबैभन्दा बढी स्थान भित्री पेजमा प्राप्त गरेका छन् । जम्मा ६५ प्रतिशत स्थान महिला राजनीतिकर्मीका आवाज र विषयले भित्री पेजमा प्राप्त गरेका छन् ।
- यसैगरी पहलो पेजमा २२ प्रतिशत स्थान प्राप्त भएको छ भने विचार पेजमा १० प्रतिशत र सम्पादकीयमा तीन प्रतिशत स्थान प्राप्त भएको छ ।

महिला राजनीतिकर्मीका आवाज र विषयले प्राप्त गरेको स्थानको तथ्याङ्क यसप्रकार रहेको छः




- सन् २०२१ को जुलाईदेखि डिसेम्बरको बीचमा सबैभन्दा बढी कभरेज प्राप्त गर्ने महिलामा राष्ट्रपति विद्यादेवी भण्डारी, अष्टलक्ष्मी शाक्य र पम्फा भुसाल हुन् । राष्ट्रपति भण्डारीले प्रधानमन्त्री तथा मन्त्रीहरूलाई शपथ गराउने क्रममा र अन्य केही सार्वजनिक टिप्पणीका कारण बढी कभरेज प्राप्त गर्नुभएको हो ।
- राष्ट्रपति विद्यादेवी भण्डारी उपस्थित भएका सार्वजनिक समारोहका तस्बिरसहित समाचार सामग्रीहरू प्रकाशित भएका छन् ।
- राष्ट्रपतिबारे प्रकाशित समाचारमा सकारात्मकभन्दा नकारात्मक समाचारले बढी स्थान पाएका छन् । जस्तै, संविधानको धारा उल्लेख नगरी प्रधानमन्त्री नियुक्त गरिएको, शपथपछि प्रधानमन्त्रीलाई बधाई नदिइएको आदि ।
- राष्ट्रपति विद्या भण्डारी र नेतृ अष्टलक्ष्मी शाक्यपछि समाचार कभरेज प्राप्त गर्ने नेतृ पम्फा भुसाल हुन् । ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्रीमा नियुक्ति पाएपछि जलस्रोत तथा ऊर्जाका विषयमा उनले बोलेका कुराहरू र विभिन्न ओहोदाका मानिससाग गरेका भेटघाट र कुराकानीले मिडियामा स्थान पाएका छन् ।
- अनुगमनका क्रममा सन् २०२१ को अगस्ट महिनामा महिला र राजनीतिसम्बन्धी सबैभन्दा बढी सामग्री प्रकाशित भएका छन् । यसको कारणमा मन्त्रिमण्डल पुनर्गठन, बागमती

प्रदेशको मुख्यमन्त्रीमा अष्टलक्ष्मी शाक्यको छोटो समयको नियुक्ति र विश्वासको मत प्राप्त गर्न भएको कठिनाइ प्रमुख कारण हो । साथै नेकपाको विभाजन र विभाजनका कारण सांसदहरूमा देखिएको द्विविधालगायतका अन्य कारण पनि रहेका छन् ।

» लुम्बिनी प्रदेशकी सांसद विमला वलीको पार्टी परिवर्तनअघि भएको अपहरण (उनको भाषामा)ले मिडियामा प्रशस्त स्थान पाएको छ ।

» विभिन्न राजनीतिक घटनाक्रम प्रकाशित सामग्रीमा पुरुष राजनीतिकर्मी (विशेषगरी पार्टीका शीर्ष नेताहरू)का 'कोट'हरु पाइयो । महिला राजनीतिकर्मीका 'कोट'हरु न्यून छन् ।

» यस्तै, मुलुकमा खराब राजनीतिक परिस्थितिलाई लिएर लेखकहरूले प्रायः पुरुष राजनीतिकर्मीलाई मात्रै दोष दिएको पाइयो । महिला राजनीतिकर्मीलाई जस र अपजस दुवै दिइएको छैन ।

» संसद् अवरुद्ध गर्ने क्रममा महिला सांसदले अग्रपङ्क्तिमा रहेर गरेको प्रतिकार, ढाडमा टेकेर रोस्टम ताकेकोलगायतका समाचारले पहिलो पृष्ठमा स्थान पाएका छन् ।

## ६ महिनाको तथ्याङ्कलाई विश्लेषण गर्दा...

» नेपालको राजनीतिको महत्वपूर्ण निर्णयहरूमा पुरुष राजनीतिज्ञको मात्रै सहभागिता रहने गरेको छ । यस्ता विषयमा पुरुष राजनीतिकर्मीले मात्रै मन्तव्य दिन्छन्, अडान लिने या विरोध गर्ने गर्छन् ।

» राष्ट्रिय सरोकारका मुद्दाहरूमा ज्यादै कम महिला राजनीतिकर्मीलाई मात्र सरोकार छ ।

» विभिन्न विषयमा गठन हुने राजनीतिक कार्यदल, उच्चस्तरीय समिति र विशेष समिति महिलाका निम्ति होइनन् । (यसप्रकारका कार्यदल र समितिमा महिला सहभागिता नभएका कारण समाचारमा महिलाका कुरा नआउने गरेका हुन्)

» हप्तामा सरदर ६ जना पुरुष राजनीतिकर्मीका लेख नेपाली छापामा प्रकाशित हुन्छन्, तर महिला राजनीतिकर्मीका लेख अत्यन्त न्यून छन् ।

» पुरुष राजनीतिकर्मीका अन्तर्वार्ताले प्रत्येक दिन कुनै न कुनै पत्रिकामा स्थान पाइरहेकै हुन्छन्, तर महिलाका अन्तर्वार्ताले पाउँदैनन् ।

» महिलासँग लिइएको अन्तर्वार्तामा प्रायः महिलाका विषयमै प्रश्न सोधिन्छन्, तर पुरुष राजनीतिकर्मीलाई मुलुकको राजनीतिका साथसाथै समसामयिक विषयमा प्रश्न गरिन्छ ।

» राष्ट्रिय मुद्दा तथा राजनीतिक दलसाग सम्बन्धित विवादित विषयमा बोल्ने प्रायः पुरुष राजनीतिकर्मी नै छन् । तर, कुनै महत्वपूर्ण पदमा भएका महिलाले बोलेका विवादित कुरा पनि प्राथमिकताका साथ छापिएका छन् । जस्तो, सांसद रामकुमारी झाँक्रीले राष्ट्रपति विद्यादेवी भण्डारीको विषयमा दिएका नकारात्मक अभिव्यक्तिलाई मिडियाले राम्रो स्थान दिएका थिए ।

» विभिन्न प्रदेश तथा जिल्लाबाट भएका रिपोर्टिङमा पनि पुरुष राजनीतिकर्मीकै अभिव्यक्तिले स्थान पाउने गरेका छन् । विभिन्न पार्टीका नेता जिल्ला जाँदा पत्रकार सम्मेलन गर्ने या पत्रकारसँग भेटघाटको कार्यक्रम राख्ने गरिएको, तर महिला राजनीतिकर्मी जिल्ला जाँदा त्यसप्रकारको कार्यक्रम नगर्ने गरेको पाइयो । परिणामतः महिलाको कभरेज न्यून हुने गरेको छ ।

» विभिन्न मुलुकबाट नेपाल भ्रमणमा आएका उच्चस्तरीय नेता तथा महत्वपूर्ण व्यक्तित्वले विभिन्न पार्टीका पुरुष राजनीतिकर्मीसँग मात्रै भेटघाट गरेको पाइयो ।

## फोटो

» राष्ट्रपति विद्यादेवी भण्डारीका तस्बिर सबैभन्दा बढी प्रकाशित भएका छन् । यसले महिला महत्वपूर्ण पदमा हुनु र नहुनुले मिडिया कभरेजमा फरक पार्छ भन्ने स्पष्ट देखाएको छ ।

» यसबीचमा विभिन्न पत्रपत्रिकामा प्रकाशित फोटोमा अगस्ट महिनामा युवानेतृ रामकुमारी झाँक्रीले नेता माधव नेपालको हात समातेर डोऱ्याएको तस्बिर निकै चर्चित हुन पुग्यो । नेकपा फुटेर दुईवटा पार्टीमा विभाजित हुनुअघिको उक्त तस्बिर यो ६ महिनाको बीचमा धेरै मिडियाले प्रकाशित गरेको तस्बिर हो । संसद्मा महिलाले हमला गरेका तस्बिरले महत्वपूर्ण स्थान पाएका छन् ।




## सन्दर्भ-सामग्री


» गोरखापत्र, वि.सं. २०१६ साल जेठ १५ गते

» अन्वेषण न्युजडटकम, २०२२ मार्च

» सञ्चारको मूल प्रवाहमा लैङ्गिक समानता अनुगमन प्रतिवेदन २००४ र २००५, सञ्चारिका समूह

# मिडिया अनुगमनका क्रममा फायल गरिएका केही तस्विरहरु




महत्वपूर्ण सभामा महिला राजनीतिकर्मीको उपस्थिति देखिएन



## विदेशीको भ्रमण : उत्सवजस्तै गर्छन् हाम्रा न

उत्तरका हुन् वा दक्षिणका, कुनै पनि विदेशी नेताले नेपाल भ्रमण गर्दा 'मामा आएजस्तै' खुसी भएर भेटघाटमा लामबद्ध हुन्छन् मुख्य

जनार्दीश्वर पाण्डे (काठमाडौं)

भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीका विश्वासपात्र मानिएका भाजपाका बिदेश बिभाग प्रमुख विजय चौथाइवाले पूर्वपरराष्ट्रमन्त्री तथा नेपाली कांग्रेसका सहमहामन्त्री प्रकाशशरण महतको निमन्त्रणामा नेपाल भ्रमणमा आएको भनिन्छ। तर, भ्रमणको शैली, भेटवार्ता र छलफलका बिषय हेर्दा उनी महतले बोलाएर होइन, मोदीले पठाएर आएको अनुमान लगाउन सकिन्छ।

पाँचदिने भ्रमणका क्रममा उनले राष्ट्रपतिसँग शिष्टाचार भेट गरे भने नेपालका प्रधानमन्त्रीसहित उच्च तहका नेतासँग भेट्न भ्याए। उनको यो राजनीतिक अध्ययन भ्रमणजस्तो देखिएको छ। काठमाडौं उत्रिनेबित्तिकै

परराष्ट्र मामिला सल्लाहकार रहिसकेका कूटनीतिविज्ञ दिनेश भ भ्रमण र भेटवार्ता हुनुलाई सकारा मान्छन्। 'यसले दुई मुलुक बी सम्बन्धलाई थप मजबुत बनाउँछ ती भेटवार्तालाई संस्थागत गर्नुपछ

परराष्ट्र मन्त्रालयकी प्रवक्ता लम्साल विदेशीसँग हुने भेटबा परराष्ट्रका अधिकारीलाई खबर ग आचारसंहिताको व्यवस्था पा नभएको स्वीकार गर्छिन्। 'बहाल उच्च पदाधिकारी र पूर्व पदाधिकारी आफैंले आचारसंहि पालना गर्दा उचित हु उनले भनिन्।

**किन भेटेनन् भट्टराई र यादवलाई**

भाजपा विदेश विभाग चौथाइवालेले पूर्वप्रधानमन्त्री बा भट्टराई र जनता समाजवादी पा

बिदेशी नेता र राजनीतिक प्रतिनिधिमण्डलले पुरुष नेताहरुसंग मात्रै भेटघाट गरेको पाइयो



## प्रतिपक्षलाई पेलेरै अध्यादेश पेस

नाराबाजीबीच दल विभाजनसम्बन्धी अध्यादेश पेस भए पनि ओली सरकारले जारी गरेका बजेटसहितका १५ अध्यादेशको भविष्य अनिश्चित

मकर श्रेष्ठ (काठमाडौं)

सरकारले, प्रमुख प्रतिपक्ष एमालेलाई पेलेरै संसद् अधिवेशन अघि बढाउने स्पष्ट संकेत गरेको छ। संघीय संसद्को नवौं अधिवेशनको पहिलो दिन बुधबार एमालेले रोस्ट्रम घेरेर सभामुख अग्निप्रसाद सापकोटाको विरोध गरिरहेकै बेला गृहमन्त्री बालकृष्ण खाँणले राजनीतिक दलसम्बन्धी दोस्रो संशोधन अध्यादेश २०७८ पेस गरेका छन्। एमाले अवरोधका कारण प्रतिनिधिसभा बैठक रोक्दै बोलाउँदै गरेर तेस्रो पटकमा खाँणले अध्यादेश पेस गरेका हुन्।

संविधानको धारा ११४ मा संसद् बैठक नभएको बेला सरकारले जारी गरेको अध्यादेश संघीय संसद् सुरु भएको पहिलो बैठकमा पेस गर्नुपर्ने प्रावधान छ। 'संविधानमै संसद् बसेको पहिलो बैठकमा अध्यादेश पेस गर्नुपर्ने व्यवस्था भएकाले पटकपटक बैठक

रोष्टम घेरेपछि प्राप्त भयो मिडियामा कभरेज

सन्दर्भ ३६औं स्मृति दिवस

## ‘मङ्गलादेवी साहसी महिला’

■ गोरखापत्र समाचारदाता

काठमाडौँ, भदौ १० गते। जहानियाँ राणा शासनविरुद्ध लड्नुभएकी मङ्गलादेवी सिंहको ३६औं स्मृति दिवसको अवसरमा

विवाह भएको थियो। १९९७ कात्तिकमा गणेशमान सिंह प्रजा परिषद्मा लागेको भन्दै जन्मकैदको सजाय भएपछि उहाँ जहानियाँ राणा शासन विरोधी आन्दोलनमा सक्रिय हुनुभएको थियो।



थियो। नेपाल महिला सङ्घका अध्यक्ष उमा रेग्मी नेपालको प्रजातन्त्र स्थापनामा मङ्गलादेवीको ठूलो योगदान रहेको बताउनुहुन्छ। "निर्वाचनमा महिलाको मत दिने अधिकार, महिलालाई शिक्षा दिने

## महिला सहभागिता वृद्धिमा चुनौती



खडा गरेको छ। महिलालाई कार्यस्थलमा पनि पूर्ण रूपमा सुरक्षित र मर्यादित नहुने अवस्था छ। त्यसकारण महिला सहभागिता वृद्धिमा धेरै चुनौती देखापरेका छन्। अन्तर्राष्ट्रिय प्रतिबद्धता र राष्ट्रिय कानुनको प्रभावकारी कार्यान्वयनको अभावले पनि चुनौती साबित भएको छ। राज्यका सबै निकायमा महिलालाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी हुने हकलाई महिलाको हक मात्रै नभई मौलिक अधिकारको रूपमा संविधानमा नै सुनिश्चित गरिएको छ। यसलाई कानुन बनाई प्रभावकारी कार्यान्वयनमा ल्याउनुपर्ने आवश्यकता छ। महिला सहभागिताको सुनिश्चित गर्ने गरी बनाइएका विभिन्न क्षेत्रगत

## अष्टलक्ष्मी बनिन् पहिलो महिला मुख्यमन्त्री




Annapurna Post 24th December

## किन खुलामा उठेनन् महिला नेता ?

■ नेपाली काँग्रेसको चौधौं महाधिवेशन

## महिलाको माग पचास प्रतिशत भाग

## ‘महिला नेतृत्व पनि अब्बल छ भन्ने सन्देश प्रवाह भएको छ’



तनहुँ जिल्लाको म्याग्दे गाउँपालिकामा विभिन्न जातजाति तथा भाषाभाषीहरूको बसोबास रहेको र जिल्लाको साबिकका गाविसहरू छाङ्ग, जामुने र मनपाङ्गलाई समायोजन गरी म्याग्दे गाउँपालिका स्थापना गरिएको हो। सो गाउँपालिकाभित्र सातवटा वडा छन्। तनहुँका १० वटा स्थानीय तहमध्ये महिलाले नेतृत्व सम्हालेको म्याग्दे गाउँपालिका

Kantipur 21st December Front page

# काँग्रेसका प्रभावशाली नेत्रीहरू विजयी

■ अशोक अधिकारी

काठमाडौँ, पुस ५ गते । नेपाली काँग्रेसको १४औँ महाधिवेशनअन्तर्गत खुला महिलातर्फ केन्द्रीय सदस्य पदमा प्रभावशाली नेत्रीहरू निर्वाचित हुनुभएको छ । काँग्रेस केन्द्रीय निर्वाचन समितिका संयोजक गोपालकृष्ण घिमिरेका अनुसार खुला महिलातर्फ केन्द्रीय सदस्य पदमा अनुभवी नेत्रीहरू विजयी हुनुभएको हो ।



डा. डिला पन्त सङ्ग्रौला मत २,८८५ | पुष्पा भुसाल मत २,७१८ | डा. आरजु राणा देउवा मत २,५३६ | अम्बिका बस्नेत मत २,३३९ | ईश्वरी न्यौपाने मत २,२५९

हुनुभएको छ । उहाँले दुई हजार ७१८ मत

# पदाधिकारीमा पनि महिलाको ३३ प्रतिशत सहभागिता माग

● प्रतिनिधित्व सम्मानजनक, पदाधिकारीमा कमजोर उपस्थिति ● सहमहामन्त्री केन्द्र र प्रदेशमा महिला नेता थन्क्याउने पद

कांग्रेस १४औं महाधिवेशन

# Free electricity up to 20 units for poor families

# विद्रोहकी 'पोस्टर गर्ल'

सालमा राष्ट्रियताको मुद्दालाई लिएर एमाले विभाजन भएपछि नयाँ बनेको पार्टी मालेमा लागेकी उनी २०६२/६३ सालको दोस्रो जनआन्दोलनमा विद्यार्थी नेताको रूपमा अग्रमोर्चा

# विदेशीको भ्रमण : उत्सवजस्तै गर्छन् हाम्रा न

उत्तरका हुन् वा दक्षिणका, कुनै पनि विदेशी नेताले नेपाल भ्रमण गर्दा 'मामा आएजस्तै' खुसी भएर भेटघाटमा लामबद्ध हुन्छन् मुख्य

■ जगदीश्वर पाण्डे (काठमाडौं)

भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीका विश्वासपात्र मानिएका भाजपाका विदेश विभाग प्रमुख विजय चौथाइवाले पूर्वपरराष्ट्रमन्त्री तथा नेपाली कांग्रेसका सहमहामन्त्री प्रकाशशरण महतको निमन्त्रणामा नेपाल भ्रमणमा आएको भनिन्छ । तर, भ्रमणको शैली, भेटवार्ता र छलफलका विषय हेर्दा उनी महतले बोलाएर होइन, मोदीले पठाएर आएको अनुमान लगाउन सकिन्छ ।

पाँचदिने भ्रमणका क्रममा उनले राष्ट्रपतिसँग शिष्टाचार भेट गरे भने नेपालका प्रधानमन्त्रीसहित उच्च तहका नेतासँग भेट्न भ्याए । उनको यो राजनीतिक अध्ययन भ्रमणजस्तो देखिएको छ । काठमाडौं उत्रिनेबित्तिकै उनले आइतबार प्रधानमन्त्री तथा कांग्रेस सभापति शेरबहादुर देउवा, सोमबार पूर्वप्रधानमन्त्रीहरू एमाले अध्यक्ष केपी शर्मा ओली, माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल, नेकपा एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपाल तथा लोकतान्त्रिक समाजवादी पार्टीका अध्यक्ष महन्थ ठाकुरसँग भेटवार्ता गरे । मंगलबार गृहमन्त्री बालकृष्ण खाँण, कानुनमन्त्री ज्ञानेन्द्रबहादुर कार्की, अर्थमन्त्री जनार्दन शर्मा र केही पूर्वमन्त्रीसँग भेटवार्ता गरे ।



विष्णु पौडेल, विमलेन्द्र निधि र वर्षमान पुनसँग पनि भेटे । स्रोतका अनुसार मेरियट होटलमा बसेका उनले अन्य धेरै व्यक्तिसँग भेटघाट गरेका छन् ।

नयाँ गठबन्धन सरकारसँग सहकार्य गर्न आएका चौथाइवालेले जो, जसलाई भेट्न चाहे, सहजै पाए । ६ महिनाअघि तत्कालीन परराष्ट्रमन्त्री प्रदीपकुमार ज्ञवालीको भारत भ्रमण भने ठीकविपरीत देखिन्छ । ज्ञवाली २०७७ माघ पहिलो साता नेपाल-भारत संयुक्त आयोगको छैटौं बैठकका लागि नयाँदिल्ली पुगेका थिए । ज्ञवालीले मोदीलाई भेट्न संघर्ष गरे तर सफल भएनन् । सामान्यतया कुनै मुलुकका विदेशमन्त्रीको विदेश भ्रमण हुँदा त्यहाँका सरकार प्रमुखसँग शिष्टाचार भेटवार्ता गर्ने परम्परा छ ।

पूर्वपरराष्ट्रमन्त्री एवं वरिष्ठ कूटनीतिज्ञ भेखबहादुर थापाले नेपालबाट परराष्ट्रमन्त्री जाँदा भारतमा प्रधानमन्त्रीलाई भेट्न नपाउने र भारतबाट आउने जोकोहीले नेपालका प्रधानमन्त्रीसहित उच्च तहका पदाधिकारीलाई भेट्न पाउनुले मुलुकलाई सही बाटोमा नहोन्याउने बताए । उनी विदेशी मुलुकसँग नेपालको भेटघाट असमान भएको देख्छन् । प्रत्येक पटक शासनमा रहेका व्यक्तिहरूले आफ्नो कूटनीतिक मर्यादा पालना गर्न सकेका छैनन्, आफैलाई अपहेलना गरेका छन्,' उनले भने, 'मलाई अहिलेसम्म कसैले पनि कूटनीतिक मर्यादा राखेको थाहा छैन ।' थापाले मुलुकको प्रतिष्ठा कायम गर्न परराष्ट्र मन्त्रालयले विदेशी पदाधिकारीसँग भेटवार्ताका लागि जारी गरेको आचारसहिताअनुकूल जिम्मेवार व्यक्तिहरूले काम गर्नुपर्ने सुझाव दिए ।

नेपालमा भारत, चीन, अमेरिका वा अन्य मुलुकका पदाधिकारी भ्रमणमा आउँदा कूटनीतिक आचारसहिता पालना गरिँदैन । तत्कालीन प्रधानमन्त्री ओलीले २०७७ पुस ५ मा प्रतिनिधिसभा विघटन गरेपछि तत्कालीन नेकपाभित्रको विवाद बुझ्न र त्यसलाई मिलाउन

स्वभावका पनि हौं,' उनले भने ।

सामान्यतया पदमा बहाल गरेर सेवा पाउने र सेवापछि पनि राज्यबाट नै सेवासुविधा पाउने उच्च तहका पदाधिकारीले आफूले गर्ने क्रियाकलापमा ख्याल गर्नुपर्छ । राष्ट्रपति, उपराष्ट्रपति, प्रधानमन्त्री, अन्य मन्त्री, सभामुखलगायतले पदमा हुँदा र पदबाट बाहिरिएपछि पनि विदेशीसँग भेटघाट गर्दा परराष्ट्र मन्त्रालयसँग समन्वय गर्नुपर्छ । तर जो विदेशी आए पनि मर्यादा नै नहेरी भेटवार्ता गर्ने प्रचलन बढेको छ । पूर्वसचिव भट्टराई विदेशमा एक जना पदाधिकारीलाई भेट्न पनि

परराष्ट्र मामिला सल्लाहकार
रहिसकेका कूटनीतिविज्ञ दिनेश
भ्रमण र भेटवार्ता हुनुलाई सकार
मान्छन् । 'यसले दुई मुलुक
सम्बन्धलाई थप मजबुत बनाउँ
ती भेटवार्तालाई संस्थागत गर्नुप

परराष्ट्र मन्त्रालयकी प्रवक्ता
लम्साल विदेशीसँग हुने भेटवा
परराष्ट्रका अधिकारीलाई खबर
आचारसंहिताको व्यवस्था
नभएको स्वीकार गर्छिन् । 'बहाल
उच्च पदाधिकारी र पूर्व
पदाधिकारी आफैंले आचारसंहि
पालना गर्दा उचित
उनले भनिन् ।

**किन भेटेनन् भट्टराई र यादवला**

भाजपा विदेश विभाग
चौथाइवालेले पूर्वप्रधानमन्त्री बा
भट्टराई र जनता समाजवादी पा
अध्यक्ष उपेन्द्र यादवलाई भने भेटे
स्रोतका अनुसार भट्टराई
चौथाइवालेबीच राम्रो सम्बन्ध
उनीहरूबीच ट्वीटरमै सवाल
भएको थियो । पछिल्लो पटक
साउन ६ मा भट्टराईले उत्तरप्र
मुख्यमन्त्री योगी आदित्यनाथले
नदीमा दूध अर्पण गरेको तस्विर
गर्दै लेखेका थिए, 'आस्था खत
चीज हो । यसले तिमीलाई दूध
र पिसाब खाने बनाउँछ ।'

जवाफमा चौथाइवालेले
थिए, 'प्रिय बाबुरामजी, तपा
तपाईंका साथीहरूले हिन्दुको आ



# ऊर्जाको दिगो विकासमा लाग्नेछु : भुसाल

गर्ने बताउनुभएको छ । बुधबार मन्त्रालयमा कार्य आरम्भ गर्दै उहाँले सो कुरा बताउनुभएको हो । मन्त्री भुसालले पहिलो निर्णयका रूपमा मन्त्रालय मातहतका विभिन्न निकायका ऊर्जा तथा सिँचाइ सम्बद्ध आयोजनाहरूको प्राथमिकीकरण गर्ने



# ढाडमा चढेर रोस्ट्रम ताक्दा

सद रेखाकुमारी झाले गृहमन्त्रीको टेबलमा रहेको माइक झिकेर हान्न खोजिन् तर मर्यादापालकले खोसिदि बाहिर आएर उनले भनिन्, 'पाएको भए सभामुख र अर्थमन्त्रीको टाउको फुटाइदिन्थेँ'

र श्रेष्ठ (काठमाडौं)

मुख अग्निप्रसाद सापकोटाले शुक्रबार दिउँसो े प्रतिनिधिसभा बैठक बोलाएका थिए । सवा


बारम्बार सम्झाए । संविधानको धारा १०५ अदालतमा विचाराधीन मुद्दाको न्याय निरूप प्रभावित गर्ने विषयमा बहस र छलफल गर्न ब लगाएको उनले दोहोऱ्याए । नारावाजीका



# कांग्रेस महाधिवेशनमा ४०% प्रतिनिधि समावेशी

ाडौं (कास)- कांग्रेसको केन्द्रीय महाधिवेशनका प्रतिशत मतदाता (प्रतिनिधि) समावेशी छनोटबाट

केन्द्रीय कार्यसमितिमा पनि कम्तीमा ३३ प्रति महिलाको प्रतिनिधित्व हुनेछ । यसबाहेक खुलातर्फ



# वडा सभापतिमा १९ वर्षीया किशोरी

# उप–प्रमुख कि चुप–प्रमुख ?

मनिका झा | *जनकपुरधाम*



अधिकार प्रत्यायोजन गर्न नचाहने प्रवृत्तिले गर्दा प्रदेश २ का १ सय ३६ स्थानीय तहमध्ये अधिकांशमा प्रमुख र उपप्रमुखबीच विवाद उत्कर्षमा छ। यसले सर्वसाधारणले पाउनुपर्ने सुविधाहरूमा समस्या खडासमेत गरेको छ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले उपाध्यक्ष वा उपप्रमुखको काम, कर्तव्य र

सप्तरीको बोदे बरसाइन नगरपालिकाकी उपप्रमुख रञ्जुकुमारी साह तेलीले आफ्नो पदको अधिकार दिलाई दिन भन्दै जिल्ला समन्वय समिति, जिल्ला प्रशासनदेखि लिएर प्रदेश २ का मुख्यमन्त्री सम्मलाई गुहारिन्। 'मलाई न त कुनै बजेटको जानकारी गराइन्छ, न कुनै योजनाबारे नै,' उपप्रमुख साह भन्छिन्, 'कुनै पनि फाइलमा सही गर्नु छ भने बिना कुनै जानकारी बिना कुनै सोधपुछकै सही गर्न दबाब

# २२ वर्षीया युवती काँग्रेस वडा सभापति

अछाम समाचारदाता

मङ्गलसेन, भदौ १९ गते। नेपाली काँग्रेस वडा अधिवेशनको क्रममा मङ्गलसेनमा २२ वर्षीया महिला वडा सभापति चयन हुनुभएको छ। मङ्गलसेन नगरपालिका-११, खिमाडाकी २२ वर्षीया जानकी

छ। महिला सभापतिको नेतृत्वको २९ जनाको उक्त वडा कार्यसमिति चयन भएको छ। यस्तै साँफेबगर नगरपालिका-१०, घुगुरकोटका २५ वर्षीय युवक हेमराज खड्का काँग्रेसको वडा सभापति चयन हुनुभएको छ।

नेपाली काँग्रेसले अछामका १० स्थानीय तहका

# वडामा एक मात्र महिला सभापति

राममणि दाहाल

वडामा नेतृत्व गर्न आग्रह गरे पनि सहमति


विकास समितिका सभापति हुनुहुन्थ्यो।

# Shakya and Acharya may lose chief minister posts if they remain in UML

With some UML assembly members defecting to CPN (Unified Socialist), Oli supporters could slip into minority.

TIKA R PRADHAN
KATHMANDU, AUG 31

The two remaining chief ministers of the CPN-UML are set to lose their positions with 12 members of the Bagmati Province and 10 members of Province 1 defecting to Madhav Nepal's CPN (Unified Socialist). This will strip the party led by former prime minister





bers. CPN (Unified Socialist) has posed its leader Rajendra Pande new chief minister of the prov and is holding talks in the five-p alliance. In the assembly, the M Centre has 23, Nepali Congres Bibeksheel Sajha 3, and the RPP Nepal Workers and Peasants have two each members besides independent.

# दलभित्र मौन महिला नेता

बताउने एमालेमा पनि महिलाहरू दलभित्रको अलोकतान्त्रिक खेल र अपारदर्शी वित्त प्रणालीको सिकार भइरहेका छन्। महिला भएकै

दलका महिलाहरूमा नेतृत्व हाँक्ने हिम्मत छ, तर प्रतिस्पर्धा गर्ने साहस छैन।

# दलहरूको दलनमा महिला

## महिलाले प्रतिनिधित्व खोजे, प्रतिस्पर्धामा आ

The Rising Nepal 21st December, 2021 Front page

## Nine prominent women leaders elected to NC central committee

## कानुन अध्ययन गर्दै स्थानीय पदाधिकारी



### हिंसाका घटना मिलापत्रमै टुङ्गिन्छन्

**सिन्धुपाल्चोक समाचारदाता**

सिन्धुपाल्चोक, मङ्सिर २५ गते। सिन्धुपाल्चोकमा अधिकांश हिंसाका घटना मिलापत्रमै टुङ्गिने गरेको छ। जिल्ला प्रहरी कार्यालय सिन्धुपाल्चोकको महिला

## कोटामै सीमित भए महिला

**प्रकाश घौलाकोटी** (काठमाडौं)

अधिकारकर्मीहरूले राज्यका सबै निकाय र र राजनीतिक दलमा ३३ प्रतिशत महिलाको प्रतिनिधित्व हुनुपर्ने माग गरिरहेकै बेला कांग्रेसको महाधिवेशनमा महिला कोटामै सीमित भएका छन्।

समितिबारे प्रस्ट व्यवस्था छैन।

कांग्रेसमा महिलाले अझैसम्म सभापति वा महामन्त्री बन्ने अवसर पाएका छैनन्। जबकि ००४ सालमै मंगलादेवी सिंहले नेपाल महिला संघ खोलेर प्रजातान्त्रिक आन्दोलनमा योगदान पुऱ्याएकी थिइन्। बीपी कोइराला नेतृत्वको २०१५ सालको

## कार्यसमितिमा ३३ प्रतिशत महिला अनिवार्य

6th August 2021 Kantipur.

## मुख्यमन्त्री निवासमा सांसद बन्धक !

## आफ्नै बारेमा

**मिडिया एड्भोकेसी ग्रुप (म्याग)** महिला, मिडिया र सूचनाको क्षेत्रमा कार्यरत संस्था हो । मिडिया, कानुन, व्यवस्थापन तथा एड्भोकेसीको क्षेत्रमा लामो समयदेखि कार्यरत व्यक्तित्वहरूको सहभागिता रहेको म्यागले सूचनाको हकलाई सुशासन, पारदर्शिता र जवाफदेहिताका लागि संयन्त्रको रूपमा प्रयोग गर्न स्थानीयदेखि राष्ट्रिय तहसम्म विभिन्न काम गर्दै आएको छ ।

सूचनामा सर्वसाधारण नागरिक तथा महिलाको पहुँच, महिला, शान्ति र सुरक्षा, सुरक्षित वैदेशिक रोजगारी र लैङ्गिक हिंसाको न्यूनिकरणमा वकालत म्यागको प्रमुख कार्यक्षेत्र हो ।

महिला सम्बन्धी अन्तर्राष्ट्रिय संयन्त्रहरू तथा मुलुकमा विद्यमान कानुनहरूको कार्यान्वयनका सन्दर्भमा म्यागले वकालतको भूमिका निर्वाह गर्दै आएको छ । पछाडि पारिएका सीमान्तकृत वर्गको मूलप्रवाहीकरण र सुसूचित तथा समतामूलक समाजको निर्माण संस्थाको अन्तिम लक्ष्य हो ।


**मिडिया एड्भोकेसी ग्रुप (म्याग)**
माइतीघर, थापाथली हाइट, काठमाडौं
फोन नं. : ९७७-०१-४२२९४४०
इमेल : maggroup08@gmail.com
वेबसाइट : www.mag.org.np

**टेवा**
धापाखेल, ललितपुर
फोन नं. : ९७७-०१-५२२९०५४/५२२९०४५
फ्याक्स नं. : ९७७-०१-५२२९०५९
इमेल : info@tewa.org.np
पो.ब.नं. : ११, ललितपुर